# आठविसकोट नगरपालिकाको शिक्षा क्षेत्रको सुधार सम्बन्धी कार्य योजना, २०७४

१.नेपालको संविधान, २०७२ को अनुसूची-८ मा उल्लेखित आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धि स्थानीय तहको अधिकार क्षेत्र अनुसार नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदनमा उल्लेख भएका आधारभूत तथा माध्यामिक तहको शिक्षा सम्बन्धी स्थानीय तहको काम, कर्तव्य र अधिकारको अधिकतम प्रयोग र कार्यान्वयन गर्नुपर्नेछ ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२).ज मा उल्लेखित आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धमा स्थानीय तहलाई प्राप्त काम, कर्तव्य र अधिकारको अधिकतम प्रयोग गर्नुपर्नेछ ।

**३.** शिक्षा ऐन, २०२८(नवौं संशोधन सहित), शिक्षा नियमावली, २०५९ र आठविसकोट नगरपालिकाको शिक्षा नियमावली, २०७४ मा विद्यालय खोल्ने अनुमति, विद्यालयको स्वीकृति, पाठ्यक्रम एवं पाठ्यपुस्तक कार्यान्वयन, नगर शिक्षा समिति, वडा स्तरिय शिक्षा समिति, विद्यालय व्यवस्थापन समितिको गठन, प्रधानाध्यापकको नियुक्ति, विद्यालयको कोष स्थापना र सञ्चालन, विद्यालय गाभ्ने, सार्ने बन्द गर्ने सम्बन्धी प्रावधान, लेखा परिक्षण, शिक्षक विद्यार्थी अनुपात, शुल्क, दण्ड सजाय सम्बन्धमा भएका प्रावधानहरुको कडाईका साथ कार्यान्वयनमा गर्नुपर्नेछ ।

४. वडा कार्यालयहरुले सम्बन्धित वडाको विद्यालयहरुको महिनामा कम्तिमा एक पटक अनुगमन गरी अनुगमन प्रतिवेदन नगरपालिका कार्यालयमा पेश गर्नु पर्नेछ । नगरस्थित आधारभूत तथा माध्यामिक शिक्षा कार्यालयले प्रत्येक दुई महिनामा कम्तिमा एक पटक सबै विद्यालयहरुको अनुगमन तथा मूल्यांकण गरी सो प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

५. अनुगमन गर्दा शिक्षा ऐन, २०२८, शिक्षा नियमावली, २०५९, आठविसकोट नगरपालिकाको शिक्षा नियमावली, २०७४ मा उल्लेख भएका प्रावधानहरुकार्यान्वयन भए/नभएको, वार्षिक कार्यतालिका अनुसार पठनपाठन भए/नभएको, विषयगत शिक्षकको व्यवस्था भए/नभएको, हरेक शुक्रवार अतिरिक्त क्रियाकलापहरुको संचालन हुने गरेको/नगरेको, विद्यालयमा शिक्षक विद्यार्थीको सरसफाईको अवस्था , विद्यालयको व्यवस्थापकीय अवस्था, यस अघि दिईएका सुझावहरु कार्यान्वय भए/नभएको लगायत विषयमा स्थलगत अध्ययन, अवलोकण गरी सो यथार्थ विवरण नगर शिक्षा समितिमा तथा नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

६. प्रत्येक विद्यालयले दुई महिनामा कम्तिमा एक पटक वडा समितिका अध्यक्ष, सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सदस्यहरु सहितको अभिभावक भेला बोलाई अध्ययनरत विद्यार्थीहरुको अवस्थाको सम्बन्धमा जानकारी दिई आवश्यक पृष्ठपोषण लिनु र दिनु पर्नेछ । उक्त भेलामा सामाजिक विकास शाखा हेर्ने संयोजक र आधारभूत तथा माध्यामिक शिक्षा कार्यालयबाट शिक्षा हेर्ने अधिकृत वा श्रोत व्यक्तिलाई आमन्त्रण गर्नु पर्नेछ र निजहरुको समेत सुझाव समावेश गरी प्रतिवेदन तयार गरी नगर कार्यपालिका एवं नगर शिक्षा समतिमा पेश गर्नु पर्नेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

७. माथि उल्लेखित प्रावधानहरु कार्यान्वयन नगर्ने विद्यालयका शिक्षकहरुको तलब, भत्ता तथा अन्य अनुदान रोक्का गरिनेछ। पहिलो चौमासिक वापतको तलव भत्ता तथा प्रशासनिक खर्च प्राप्त गर्न अघिल्लो आ.व.सम्मको लेखा परिक्षण प्रतिवेदन, विद्यालयको जिन्सी विवरण, सार्वजनिक सम्पत्तिको लगत, चालू आ.व.को लागि विद्यालयको स्वीकृत बजेट तथा नगरपालिकाले तोकेका अन्य विवरणहरु अनिवार्य रुपमा विद्यालय व्यवस्थापन समिति र वडा कार्यालयको सिफारिस समेत संलग्न गरीनगरपालिका स्थित आधारभूत तथा माध्यामिक शिक्षा कार्यालयमा पेश गर्नुपर्नेछ।

८. विद्यालयमा अनिवार्य रुपमा शिक्षक तथा विद्यार्थीले तोकिए बमोजिमको पोशाक लगाउनु पर्नेछ। शिक्षक तथा विद्यार्थीको लागि परिचयपत्रको व्यवस्था गर्नु पर्नेछ। विद्यार्थीहरु विद्यार्थी झोला बोकर मात्र विद्यालयमा आउनु पर्ने व्यवस्था कडाईका साथ कार्यान्वय गर्नु पर्नेछ।

९. प्रत्येक महिना वडा अध्यक्षले विभिन्न समयमा गरेको विद्यालय निरीक्षण र विद्यालयमा रहेको शिक्षक हाजिरी विवरण जाँच गरी शिक्षकहरुको रुजु हाजिरी प्रमाणित गरेर नगरपालिकामा पठाउनु पर्नेछ। अनुगमन नगरी हाजिरी प्रमाणित गरी पठाएको प्रमाणित भएमा नगर कार्यपालिकाले निज वडा अध्यक्षलाई आठविसकोट नगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ अनुसार कारवाही गर्न सक्नेछ।

१०. दुई महिनामा एकपटक १४ वटै वडाका विद्यालयका प्रधानाध्यापकहरुको बैठक नगरपालिका कार्यालयमा आयोजना गरिनेछ। उक्त बैठकमा सबै विद्यालयका प्रधानाध्यापक, सामाजिक विकास शाखा संयोजक र आधारभूत तथा माध्यामिक शिक्षा कार्यालय हेर्ने वि.नि. वा श्रोत व्यक्तिले सो अवधिसम्मको यथार्थ अवस्था लिखित रुपमा पेश गर्नु पर्नेछ।

११. विद्यालय समयमा कुनै पनि वहानामा कोचिङ/ट्युशन कक्षा संचालन गर्न पाईने छैन। विद्यालय समय बाहेकको समयमा कोचिङ कक्षा संचालन गर्न आवश्यक भएमा विद्यालय व्यवस्थापन समिति र वडा समितिको सहमतिमा देहायका मापदण्ड र प्रक्रिया अनुसार कोचिङ/ट्युशन कक्षा संचालन गर्न सकिनेछ :-

(क) शैक्षिक शत्र सुरु भएको पहिलो चौमासिकसम्मकोचिङ/ट्यसन कक्षा सञ्चालन गर्न पाईने छैन।

(ख) विद्यालयमा कुनै विषयको ट्युसन/कोचिङ कक्षा सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना भएमा विद्यालय व्यवस्थापन समितिको सहमति लिई विद्यालय समय बाहेकको अवधिमा सञ्चालन गर्न सकिनेछ।

(ग) विद्यालयमा संचालन हुने ट्युसन/कोचिङ कक्षा वापतको शुल्कको दर नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ। ट्युशन/कोचिङ शुल्क वापत उठेको रकम मध्ये ८०% रकम सम्बन्धित शिक्षक र बाँकी २०% रकम विद्यालयको खातामा जम्मा गर्नुपर्नेछ।

(घ) कुनै शिक्षकले विद्यालयमा नियमित पठनपाठन नगरी कोर्स बाँकी रही सो कोर्स पूरा गर्ने प्रयोजनको लागि नि:शुल्क रुपमा अतिरिक्त कक्षा सञ्चालन गर्न सकिनेछ तर कोर्स पूरा गर्ने प्रयोजनको लागि कोचिङ/ट्युसन कक्षा सञ्चालन गर्ने तथा शुल्क लिने काम गर्न पाईने छैन।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(ङ) विद्यालय बाहेक अन्य कुनै व्यक्ति वा संस्थाले आधारभूत तथा माध्यामिक तहसम्मका लागि कोचिङ/ट्युसन कक्षा संचालन गर्न चाहेमा उक्त संस्था प्रचलित कानून बमोजिम नगरपालिका एवं सम्बन्धित अन्य निकायमा दर्ता गरी अनुमति प्राप्त गरेरमात्र विद्यालय समय बाहेकको अवधिमा संचालन गर्न सक्नेछ । अनुमति नलिई संचालन भएका संस्थागत विद्यालय, कोचिङ तथा ट्युसन सेन्टर बन्द गरी रू. पच्चीस हजारसम्म जरिवाना समेत गर्न सकिनेछ ।

(च) विद्यालयमा एक शैक्षिक शत्रमा न्यूनतम ७०% हाजिरी नहुने विद्यार्थीलाई वार्षिक परिक्षामा संलग्न हुनबाट बञ्चित गरिनेछ । विना कारण विद्यालयमा नियमित हाजिरी नहुने विद्यार्थीको हकमा अनुपस्थित दिनको लागि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा अनुपस्थित विद्यार्थीलाई जरिवाना समेत गर्न सकिनेछ ।

(छ) कुनै शिक्षक विद्यालय समयमा कुनै कोचिङ/ट्युशन कक्षामा संलग्न भएको वा अन्य व्यवसायमा संलग्न भएको पाईएमा निजको सो दिनको तलब कट्टा गरी निजलाई विभागीय कारवाहीको लागि सिफारिस गरी पठाईनेछ ।

१२. विद्यालयको सम्पत्ति हिनामिना गर्ने वा गर्न खोज्ने, शान्ति क्षेत्रको रुपमा रहेको विद्यालयमा तोडफोड, आगजनी गर्ने वा विद्यालयको पठनपाठनमा अवरोध पुऱ्याउन खोज्ने व्यक्तिलाई रू. पचास हजारसम्म जरिवाना र प्रचलित कानून बमोजिमको अन्य कारवाही गरिनेछ ।

१३. नगरसभाका सदस्यहरु, नगर कार्यपालिकाका सदस्यहरु, शिक्षक, कर्मचारीका छोराछोरीहरु अनिवार्य रुपमा सामुदायिक विद्यालयमात्र पढाउनु पर्नेछ ।

१४.अनुमति नलिई संचालन भईरहेका संस्थागत विद्यालयहरुलाई बन्द गरिनेछ ।

१५. विद्यालय अनुगमनलाई चुस्तदुरुस्त बनाई विद्यालयको शैक्षिक स्तर सुधार्न ध्यान नदिने विद्यालयका प्रधानाध्यापक एवं शिक्षकहरुको तलबभत्ता समेत रोक्का गरिनेछ । विद्यालयमा नियमित उपस्थित भई शिक्षण क्रियाकलापमा संलग्न नहुने शिक्षकको अनुपस्थित दिनको तलब भत्ता कटौति गरिनेछ ।

१६. यसमा उल्लेखित वाहेकका अन्य कुराहरु नगर शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

**नगरकार्यपालिकाबाट स्वीकृती मिति:**
**मिति: २०७४/०५/३१**

**प्रमाणिकरण मिति**
२०७४/०६/०४